# त्रिभुवन विश्वविद्यालय
## व्यवस्थापन संकाय
## परीक्षा नियन्त्रण महाशाखा

डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं, नेपाल ।

टेलिफोन : ०१-४३३०८१८, ०१-४३३२७१८, ०१-४३३५९८७ (परीक्षा)
०१-४३३६६०६ (परीक्षा), ०१-५९०७९२७ (थेसिस)
E-mail : fomdean@gmail.com, info@fom.tu.edu.np
: exam.mgmt.tu@gmail.com, mgmtdean.exam@gmail.com
Website : www.fomecd.edu.np, www.tudoms.org


Faculty of Management Office of the Dean Kirtipur

मितिः- २०८१ । ११ । २०

**स्नातक तह प्रथम, तेश्रो तथा पाँचौंसत्रको नियमित परीक्षा-२०२५ को परीक्षा फाराम भर्ने सूचना**
**(सन् २०१८ - सन् २०२४ भर्ना समुहका लागि मात्र)**

त्रि. वि. व्यवस्थापन संकाय अन्तर्गत संचालित स्नातक तहका Bachelor of Business Administration (BBA), Bachelor of Information Management (BIM), Bachelor of Business Management (BBM), Bachelor of Public Administration (BPA), Bachelor of Mountaineering Studies (BMS), Bachelor of Hotel Management (BHM), Bachelor of Business Administration - Finance (BBA-F) र Bachelor of Travel and Tourism Management (BTTM) कार्यक्रमका **प्रथमसत्रको** नियमित परीक्षा आगामी **२०८१ चैत्र महिनाको तेश्रो सातादेखि** सञ्चालन हुने र **तेश्रो तथा पाँचौंसत्रको** नियमित परीक्षा आगामी **२०८२ बैशाख महिनाको पहिलो सातादेखि** सञ्चालन हुने भएकोले सो परीक्षाको परीक्षा फाराम भर्नेबारे सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

उल्लेखित कार्यक्रमको **प्रथमसत्रको** परीक्षामा सम्मिलित हुन चाहने परीक्षार्थीहरुले परीक्षा फाराम भरि सम्बन्धित क्याम्पस / कलेजमा मिति २०८१ । १२ । ०५ गतेभित्र र सम्बन्धित क्याम्पस / कलेजहरुले उक्त परीक्षा फारम मिति २०८१ । १२ । ०७ गते भित्र यस डीन कार्यालयको परीक्षा नियन्त्रण महाशाखामा अनिवार्यरुपमा तपशिलमा उल्लेखित आवश्यक शुल्क सहित बुझाई सक्नुपर्नेछ ।

उल्लेखित कार्यक्रमको **तेश्रो तथा पाँचौंसत्रको** परीक्षामा सम्मिलित हुन चाहने परीक्षार्थीहरुले परीक्षा फाराम भरि सम्बन्धित क्याम्पस / कलेजमा मिति २०८१ । १२ । १२ गतेभित्र र सम्बन्धित क्याम्पस / कलेजहरुले उक्त परीक्षा फारम मिति २०८१ । १२ । १४ गते भित्र यस डीन कार्यालयको परीक्षा नियन्त्रण महाशाखामा अनिवार्यरुपमा तपशिलमा उल्लेखित आवश्यक शुल्क सहित बुझाई सक्नुपर्नेछ ।

तपशिल

उल्लेखित कार्यक्रमको **त्रि. वि. सेवाशूल्क बाहेकको** परीक्षा फाराम शूल्क मात्र

**नियमित परीक्षा शूल्कः** प्रति विद्यार्थी प्रति सत्र : रु २५००।-

**आंशिक परीक्षा शूल्कः** प्रति विद्यार्थी प्रति विषय : रु ५००।-

**परीक्षा केन्द्र शूल्कः** प्रति विद्यार्थी प्रति सत्र : रु ४५०।-

**परीक्षा फाराम शूल्कः** प्रति विद्यार्थी प्रति सत्र : रु ५०।-

क्रमशः

Assistant Dean

# त्रिभुवन विश्वविद्यालय

## व्यवस्थापन संकाय

## परीक्षा नियन्त्रण महाशाखा

डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं, नेपाल।

टेलिफोन : ०१-४३३०८१८, ०१-४३३२७१८, ०१-४३३५९८७ (परीक्षा)
०१-४३३६६०६ (परीक्षा), ०१-५९०७९२७ (थेसिस)
E-mail : fomdean@gmail.com, info@fom.tu.edu.np
: exam.mgmt.tu@gmail.com, mgmtdean.exam@gmail.com
Website : www.fomecd.edu.np, www.tudoms.org

Faculty of Management Office of the Dean Kirtipur


मितिः- २०८१ । ११ । २०

**विलम्ब शूल्क (प्रथमसत्र) :** मिति २०८१ । १२ । ०६ देखि २ दिन सम्म प्रति विद्यार्थी प्रतिसत्र रु ५००।-, दोश्रो २ दिन सम्म प्रति विद्यार्थी प्रतिसत्र रु १,०००।- र त्यसपछिको २ दिनसम्म अन्तिमपटक प्रति विद्यार्थी प्रतिसत्र रु २,५००।- रहेको छ ।

**विलम्ब शूल्क (तेश्रो तथा पाँचौंसत्र) :** मिति २०८१ । १२ । १२ देखि २ दिन सम्म प्रति विद्यार्थी प्रतिसत्र रु ५००।-, दोश्रो २ दिन सम्म प्रति विद्यार्थी प्रतिसत्र रु १,०००।- र त्यसपछिको २ दिनसम्म अन्तिमपटक प्रति विद्यार्थी प्रतिसत्र रु २,५००।- रहेको छ ।

म्यादनाघी वा रीत नपुगी प्राप्त फाराम उपर कुनै कारवाही हुने छैन साथै उक्त परीक्षाको विस्तृत परीक्षा तालिका पछि प्रकाशित गरिने छ ।

**नोटः**

*(क) प्रथमसत्र नियमित परीक्षाहरुको हकमा CMAT 2024 मा उत्तिर्ण भएको Score Card को फोटोकपी र आंशिक परीक्षार्थीहरुको हकमा प्रथमसत्रको नियमित र पुनः परीक्षाको Grade Sheet / Ledger को प्रतिलिपी अनिवार्य रुपमा फाराम संगै सलग्न गरी पठाउनुपर्ने अन्यथा उक्त परीक्षार्थीको परीक्षा फाराम स्विकृत गरीने छैन ।*

*(ख) तेश्रो तथा पाँचौंसत्रको नियमित परीक्षाहरुको हकमा अघिल्लोसत्रको प्रवेश पत्र / Result Ledger को फोटोकपी र आंशिक परीक्षार्थीहरुको हकमा सोहिसत्रको नियमित र पुनः परीक्षाको Grade Sheet / Ledger को प्रतिलिपी अनिवार्य रुपमा फाराम संगै सलग्न गरी पठाउनुपर्ने अन्यथा उक्त परीक्षार्थीको परीक्षा फाराम स्विकृत गरीने छैन ।*

*(ग) परीक्षा फाराम, परीक्षा क्रमाङ्क (Roll Number) सानो देखि ठूलो क्रममा मिलाई सेमेष्टर अनुसारको छुट्टाछुट्टै फाईलमा आवश्यक कागजात सहित मिलाएर बुझाउनु पर्नेछ ।*

*(घ) परीक्षा फाराममा विषय सच्चाईएको पाईएमा सो परीक्षाफारम रद्द गरिनेछ र सोको जिम्मेवारी स्वयम् विद्यार्थी हुनेछ ।*

*(ङ) परीक्षा रोल नं. र त्रि. वि. दर्ता नं. सहितको परीक्षार्थीहरुको आन्तरिक मुल्याङ्कनको List परीक्षा फाराम संगै संलग्न गरि सो प्राप्ताङ्क परीक्षा फर्म (नियमित र आंशिक दुवै) मा समेत उल्लेख गर्नु पर्नेछ ।* ***आन्तरिक मुल्याङ्कन उल्लेख नभएका परीक्षा फाराम स्विकृत गरीने छैन ।***

*(च) परीक्षामा सामेल हुने परीक्षार्थीको परीक्षा रोल नं., त्रि. वि. दर्ता नं. र विषय सहितको विवरण mgmtdean.exam@gmail.com मा अनिवार्यरुपमा पठाउनुपर्नेछ ।*

*(छ) परीक्षाशुल्क व्यवस्थापन संकाय, त्रि. वि. कीर्तिपुरको नेपाल बैंक लिमिटेड, कीर्तिपुर शाखाको च.हि.नं. ०४५-००१-०००९९०६६००००१ मा जम्मा गरी* ***कार्यक्रम र सत्र अनुसारको छुट्टाछुट्टै सक्कल भौचर*** *परीक्षा फाराम संगै संलग्न हुनुपर्नेछ ।*

डा. श्रीकृष्ण खरेल
सहायक डीन